आज मिति २०७६ साल चैत्र ११ गते मंगलबारका दिन विहान ११:०० यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईंको अध्यक्षतामा बसेको ४४ औं गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री विदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्बा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | |
| ४ | श्री बखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित बहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य बहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | |
| १४ | श्री वुद्धिमाया बोम्जन, कार्यपालिका सदस्य, | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |

विदुर हुँमागाईं
अध्यक्ष

Scanned with CamScanner

**प्रस्तावहरु :**

१ कोरोना भाइरसबाट सावधानीका लागि Quick Response Team गठन, आवश्यक समिति तथा तत्काल गरिने अभियानका सम्वन्धमा ।
२ प्रदेश सरकार समक्ष माग गर्ने समपुरक तथा विशेष अनुदान सम्बन्धमा ।
३ स्थगित गाउँसभा तथा सार्वजनिक सुनुवाई सम्बन्धी ।
४ आर्थिक सहयोग सम्वन्धमा ।
५ छात्रवृत्ति सम्वन्धमा
६ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत स्विकृत भएका योजनाहरु छनौट सम्वन्धी ।
७ RMTMP को प्रतिवेदनका सम्वन्धमा ।
८ बजेट माग स्विकृतीसम्बन्धमा
९ विद्यालय दरवन्दी मिलान र प्रधानाध्यापकसँगको कार्यसम्पादन एवं शिक्षा नीति सम्वन्धमा ।
१० रोजगार संयोजकको करार म्याद सम्वन्धमा ।
११ कार्यालय सहयोगी यादव सापकोटाको सम्वन्धमा ।
१२ भानु मा.वि.को विस्तृत परियोजना प्रतिवेदन तथा गुरुयोजना स्विकृती सम्वन्धमा ।
१३ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्रस्तावना स्विकृती सम्वन्धी
१४ वोलपत्र गरिएका योजनाहरुको Below रकमका सम्वन्धमा ।
१५ झोलुगें पुल छनौट सम्वन्धमा ।
१६ लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ स्विकृती सम्वन्धमा ।
१७ जिल्ला समन्वय समितिसँग खानेपानी योजना माग सम्वन्धमा ।
१८ चट्याङ प्रतिरोधी कार्यक्रमको योजना माग गर्ने सम्वन्धमा ।
१९ विविध

**निर्णयहरु**

**१. कोरोना भाइरसबाट सावधानीका लागि Quick Response Team गठन, आवश्यक समिति तथा तत्काल गरिने अभियानका सम्वन्धमा ।**

विश्वव्यापी महामारीको रुपमा चिनको वुहानवाट फैलिएको कोरोना भाइरस (काभिड-१९) को रोकथाम तथा नियन्त्रणका लागि सम्माननीय प्रधानमन्त्रि के.पि.शर्मा ओलीज्यूवाटमिति २०७६ चैत्र ०७ भएको सम्वोधनमा अत्यावश्यक वाहेकका सार्वजनिक सेवा प्रवाह वन्द गर्ने त्यसैगरी चैत्र ११ गते विहान ६ वजे देखि चैत्र १८ विहान ६ वजे सम्मका लागि लकडाउनमा वस्ने, घरलाई होम क्यारेन्टाइनको रुपमा प्रयोग गर्ने निर्देशन भएकोले यस गाउँपालिकाले आजको आकस्मिक कार्यपालिकाको वैठकबाट देहाय वमोजिमका कार्यहरु गर्ने गराउने निर्णय गरियो ।

क) **Quick Response Team**गठन गर्ने

विदुर अध्यक्ष

Scanned with CamScanner

कोरोना भाइरस रोगको संभावित जोखिम नियन्त्रण गर्न, सुरक्षाका उपायहरु अपनाउन, तत्काल आवश्यक पर्ने स्यानिटाइजर, मार्क्स, साबुन पानीको नियमित व्यवस्थापन गर्न, अस्थायी क्वारेन्टाइन समेत निर्माण गर्नका लागि प्रमुख प्रशासकिय अधिकृत श्री रामकुमार पुडासैनीको संयोजकत्वमा तपसिल बमोजिमको एक Quick Response Team गठन गर्ने

**तपसिल**

| | |
|---|---|
| प्रमुख प्रशाशसकिय अधिकृत श्री राम कुमार पुडासैनी | : संयोजक |
| सबै स्वास्थ्य चौकीका इन्चार्जहरु | : सदस्य |
| स्वास्थ्य संयोजक श्री विदुर लामिछाने | : सदस्य सचिव |

**ख) वडा समन्वय समिति गठन गर्ने**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन इकाईको चलानी नं. ४६९/HEOC मिति २०७६ चैत्र २ को पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६ चैत्र ९ मा वेवसाइट मार्फत प्राप्त भए अनुसार तपसिल अनुसारको समिति गठन गर्न वडा कार्यालयलाई निर्देशन दिने ।

| | |
|---|---|
| १. सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि | : संयोजक |
| २. सम्वन्धित वडाका सबै वडा सदस्यहरु | : सदस्य |
| ३. सम्वन्धित वडाका स्वास्थ्य संस्थाका प्रतिनिधि | : सदस्य |
| ४. सम्वन्धित वडाका विद्यालय प्रधानाध्यापकहरु | : सदस्य |
| ५. स्थानीय समाजसेवीहरुबाट वडाले मनोनयन गरेको पाँच जना | : सदस्य |
| ६. सम्वन्धित वडा कार्यालयको सचिव | : सदस्य-सचिव |

**ग) गाउँपालिकास्तरीय समन्वय समिति गठन गर्ने :**

वुँदा नं. (ख) मा उल्लेखित निकायले तपसिल बमोजिम एक स्थानीय समन्वय समिति समेत गठन गर्ने निर्देशन भएवाट उक्त समन्वय समितिमा तपसिल बमोजिमका पदाधिकारी रही तोकीएका कार्यहरु सम्पादन गर्ने,

| | |
|---|---|
| १. मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुमागाईं | : संयोजक |
| २. मकवानपुरगढी गाउँपालिका उपाध्यक्ष श्री हर्कमाया रुम्वा | : सहसंयोजक |
| ३. वडा नं. १ देखि ८ सम्मका सबै वडा अध्यक्षहरु | : सदस्य |
| ४. कार्यपालिका सदस्यहरु | : सदस्य |
| ५. मकवानपुरगढी गाउँपालिका भित्रका सबै स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाई प्रमुखहरु | : सदस्य |

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

६. स्थानीय समाजसेवाहरु पाँच जना १) गोविन्द शर्मा २) चन्द्र योन्जन ३) गुन्ज रत्न लामा, ४) थलनाथ घिमिरे र ५) नरवहादुर स्याङतान : सदस्य

७. मकवानपुरगढी गाउँपालिका वडा नं. का रेडक्रसका प्रतिनिधि एक जना : सदस्य

८. स्वास्थ्य संयोजक श्री विदुर लामिछाने : सदस्य-सचिव

**उल्लेखित वडास्तरीय तथा गाउँपालिकास्तरीय समन्वय समितिले गर्नुपर्ने कार्यविवरण**

स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई परिचालन गरी कोरोना भाइरस (कोभिड-१९) को निम्नानुसारका मुख्य लक्षणहरु र बच्ने उपाय बारे आम नागरिकलाई सुसूचित गराउने । यस्ता लक्षणहरु देखिएका व्यक्तिहरुको निगरानी गर्ने गर्न लगाउने र लक्षण देखिएको खण्डमा स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गर्न सुझाव दिने साथै त्यस्ता लक्षण देखिएमा उक्त समस्या समाधान गर्नका लागि सम्पूर्ण पहल कदमी गर्ने ।

**कोरोना भाइरस ( कोभिड-१९) का मुख्य लक्षणहरु**

क) १००.४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउनु,
ख) खोकी लाग्नु
ग) सास फेर्न गाह्रो हुनु

**कोरोना भाइरस ( कोभिड-१९) को संक्रमणबाट कसरी बच्ने बचाउन**

क) मकवानपुरगढी गाउँपालिकाकाका प्रत्येक वडाले आफ्नो वडा भित्रको कम्तिमा एउटा विद्यालयलाई अस्थायी क्वारेन्टाइन घोषणा गरी कोरोना संक्रमित व्यक्ति राख्ने व्यवस्था मिलाउने

ख) नियमित रुपमा हरेक पटक कम्तिमा २० सेकेन्डसम्म साबुन पानीले हात धुने,

ग) फोहर हातले मुख/आँखा/नाक नछुने ।

घ) ज्वरो सहित खोकीको लक्षण भएका व्यक्तिहरुको नजिकको सम्पर्कबाट टाढा वस्ने

ङ) खोक्दा हाच्छिँउ गर्दा नाक र मुखलाई हात वा कुहिनाले छोप्ने । तत्पश्चात हात साबुन पानीले तुरुन्त धुने,

च) ज्वरो सहित खोकीको लक्षण देखिएमा स्वास्थ्य संस्थामा जाने र स्वास्थ्य कर्मीसँग परामर्श लिने

छ) माछा, मासु र अण्डा राम्रो सँग पकाएर मात्र खाने

ज) देश बाहिरबाट आउने व्यक्तिहरुमा कोरोनाको संक्रमण भएको हुन सक्ने हुँदा ती देशबाट आउने व्यक्तिहरुको निगरानी गर्ने व्यवस्था गर्ने, गराउने ।

झ) संक्रमण फैलिएको अवस्था भएमा उल्लेखित लक्षण देखिएका व्यक्तिहरुलाई तुरुन्त अस्पताल लैजाने व्यवस्था गर्ने,

विदुर हु... राई
अध्यक्ष

Scanned with CamScanner

ञ) सञ्चार माध्यामको प्रयोग गरी कोभिड-१९ का विषयमा जनचेतनामुलक सामाग्रहरु प्रचार प्रसार गर्ने,

ट) कसैलाई कारोना भाइरसको शंका लागेमा थप व्यवस्थापनका लागि तुरुन्त गाउँपालिका, सम्बधित वडा कार्यालय, तथा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क राख्ने,

ठ) सेल्फ क्वारेन्टाइनमा बस्दा पनि सरसफाईलाई विशेष ध्यान दिने दिन लगाउने ।।।

ड) गाउँपालिकाबाट गनशट थर्मोमिटर, मास्र्क, स्यानिटाइजर खरिद गरि तुरुन्त स्वास्थ्य चौकीहरुमा वितरण गर्ने,

ढ) गाउँपालिकाबाट लकडाउनको समयमा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य कर्मीहरुलाई केन्द्रिय सरकारको निर्णय बमोजिमको विशेष Incentive प्रदान गर्ने,

ण) गाउँपालिकाले विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी कोरोना रोकथामका लागि रु. ५ लाख रकम विनियोजन गर्ने,

## २. प्रदेश सरकार समक्ष माग गर्ने समपुरक तथा विशेष अनुदान सम्बन्धमा ।

यस गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७७/७८ का लागि प्रदेश सरकारले प्रकाशित गरेको सूचना वमोजिम समपुरक तथा विशेष अनुदान स्वरुप तपसिलका योजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो ।

**प्रदेश सरकार समक्ष समपुरक अनुदान अन्तरगत माग गर्ने योजनाहरु:**

| सि.नं. | योजनाको नाम | कूल लागत अनुमान | गाउँपालिकाले व्यहोर्ने रकम | प्रदेश सरकारले व्यहोर्ने रकम | योजना सम्पन्न गर्न लाग्ने समय | लाभान्वित हुने जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | फुटसल मोरङ्गे सडक, वडा नं. ३, मकवानपुरगढी गाउँपालिका | १,०१,७५,०३२।०० | ५०,८७,५१६।०० | ५०,८७,५१६।०० | १ वर्ष | १६९३ |
| २ | कालिवन सिँचाई आयोजना, वडा नं. ५, मकवानपुरगढी गाउँपालिका | १,०३,३५,३१४ | ५१,६७,६५७ | ५१,६७,६५७ | १ वर्ष | १८९३ |
| ३ | सामरी पुल मनकामना मक्रान्चुली सडक, वडा नं. ४, मकवानपुरगढी गाउँपालिका | १,०१,८९,०८७।६५ | ५०,९४,५४३।८२ | ५०,९४,५४३।८२ | १ वर्ष | १७९३ |
| ४ | ज्यामिरे खैरेनी कृषि सडक, वडा नं. ५, मकवानपुरगढी गाउँपालिका | १,०१,३२,८७१।९९ | ५०,६६,४३५।९९ | ५०,६६,४३५।९९ | १ वर्ष | १९१३ |
| ५ | बरबोट सामरी कृषि सडक, वडा नं. ३, मकवानपुरगढी गाउँपालिका | १,०१,१८,८१८।०८ | ५०,५९,४०९।०४ | ५०,५९,४०९।०४ | १वर्ष | १४१३ |

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

| सि.नं. | योजनाको नाम | कूल लागत अनुमान | गाउँपालिकाले व्यहोर्ने रकम | प्रदेश सरकारले व्यहोर्ने रकम | योजना सम्पन्न गर्न लाग्ने समय | लाभान्वित हुने जनसंख्या |
|---|---|---|---|---|---|---|
| ६ | एक्लेखेत ढाप रानिसेरा सडक निर्माण, वडा नं. १, मकवानपुरगढी गाउँपालिका | १,०१,६६,४०२।७५ | ५०,८३, २०१।३७ | ५०,८३,२० १।३७ | १ वर्ष | १९३१ |
| ७ | मकवानपुरगढी दरबार सानो गढी बर भञ्ज्याङ्ग सडक निर्माण, वडा नं. २, मकवानपुरगढी गाउँपालिका | १,०१,४६,९२५।९१ | ५०,७३, ४६२।९५ | ५०,७३,४६ २।९५ | १ वर्ष | १९१३ |
| ८ | सकौरा खोर भञ्ज्याङ्ग सडक, वडा नं. ७, मकवानपुरगढी गाउँपालिका | १,०१,१८,८१८०।८ | ५०,५९, ४०९।० ४ | ५०,५९,४ ०९।०४ | १ वर्ष | १७१३ |
| ९ | इच्चुङ्ग बुढीचौर सडक, वडा नं. ८, मकवानपुरगढी गाउँपालिका | १,०२,०३,१४१।५६ | ५१,०१, ५७०।७ ८ | ५१,०१,५७ ०।७८ | १ वर्ष | १८१३ |

**प्रदेश सरकार समक्ष विशेष अनुदान अन्तरगत माग गर्ने योजनाहरु:**

| सि.नं | योजनाको नाम | कूल लागत अनुमान | योजना सम्पन्न गर्न लाग्ने समय | लाभान्वित हुने जनसंख्या |
|---|---|---|---|---|
| १ | च्याफल भञ्ज्याङ्ग खानेपानी योजना, वडा नं. ६, मकवानपुरगढी गाउँपालिका | १,०१,१९,९४४।०० | १ वर्ष | १६९३ |
| २ | रानिसेरा आधारभूत विद्यालय भवन निर्माण, वडा नं. १, मकवानपुरगढी गाउँपालिका | १,०१,६५,९४०।२७ | १ वर्ष | १९९३ |
| ३ | धादिङ्ग पाखा खानेपानी आयोजना, वडा नं. ६, मकवानपुरगढी गाउँपालिका | १,०१,१९,९४४।०१ | १ वर्ष | १६९३ |

## ३. स्थगित गाउँसभा तथा सार्वजनिक सुनुवाई सम्बन्धी ।

विश्वव्यापी बढ्दै गएको कोरोनाको संक्रमणका कारण नेपाल सरकारले गरेको अत्यावश्यक सेवा वाहेकका सेवाहरुको वन्द तथा लकडाउन तथा विश्वव्यापी रुपमा कोरोनाको रोकथामको सम्भावना अनिश्चित भएकोले सुरक्षाका उपायहरु अपनाउनुपर्ने अहिलेको सन्दर्भमा सभा, सम्मेलन, वैठक, जमघट तथा भेटगाट नगरी कोरोना रोकथाम तथा नियन्त्रण नभए सम्म घरमै वस्नुपर्ने अवस्थाका कारण फाल्गुण ३० गते हुने भनेको स्थगित गाउँसभा तथा फाल्गुण २३ गते हुने भनिएको सार्वजनिक सुनुवाई अर्को सूचना नभए सम्मका लागि मिति तय नगर्ने निर्णय गरियो ।

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

४. **आर्थिक सहायता सम्बन्धमा ।**

आर्थिक सहायता कार्यविधि, २०७५ बमोजिम स्वास्थ्य समस्याबाट पिडित तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिम रकम आर्थिक सहायतास्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | बिरामीको नाम र ठेगाना | स्वास्थ्य समस्या | आर्थिक सहायता |
|---|---|---|---|
| १ | टुक बहादुर बजगाईं, म.ग.गा.पा-०२ | बिरामी | २० हजार |
| २ | ओम कुमारी ठकुरी (सीता) म.ग.गा.पा-०४ | टाउकोको समस्या | ३० हजार |
| ३ | समिर चौलागाईं, म.ग.गा.पा-०३ | औंला काटिएको | १५ हजार |
| ४ | राजेन्द्र पुडासैनी, म.ग.गा.पा-०४ | मृगौला समस्या | २५ हजार |

५. **छात्रवृत्ती सम्बन्धमा**

छात्रवृत्ती वितरण कार्यविधि बमोजिम यस गाउँपालिकामा रहेको गरिब, विपन्न विद्यार्थीहरु, कृषि, भेटेरेनरी, स्वास्थ्य लगायतका प्राविधिक शिक्षामा माध्यामिक तहको ११ तथा १२ कक्षा तथा स्नातक तहमा समेत अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्ने योजना अनुरुप यस गाउँपालिकाले प्राप्त निवेदनहरु उपर मुल्याकंन गरी तपसिल बमोजिम छात्रवृत्ती वितरण गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | निवेदकको नाम र ठेगाना | अध्ययनरत शिक्षालय | स्विकृत छात्रवृत्ती रकम |
|---|---|---|---|
| १ | राजिव पुडासैनी, गढी ३ | सूर्यमणी प्राविधिक विद्यालय | १५ हजार |
| २ | राज थिङ्ग, गढी ७ | मकवानपुर बहुमुखी क्याम्पस, कक्षा ११ | १० हजार |
| ३ | दिपा चौलागाईं, गढी ६ | ISEAG,जनप्रिय प्राविधिक विद्यालय | २० हजार |
| ४ | मनिषा दुलाल, गढी ६ | अनमी, मकवानपुर टेक्निकल इन्स्टिच्युट | १५ हजार |
| ५ | शर्मिला मिश्र, गढी ६ | वंश गोपाल माध्यामिक विद्यालय गढी २ | १० हजार |
| ६ | संरचना स्याङ्वो, नारायणी मेडिकल एण्ड टेक्नोलोजी, गढी ५ | नारायणी मेडिकल एण्ड टेक्नोलोजी | २० हजार |
| ७ | लिलानाथ घिमिरे गढी ६ | पुल्चोक इन्जिनियरीङ्ग क्याम्पस | ३० हजार |
| ८ | रविना घिमिरे, गढी २ | बंशगोपाल माध्यामिक विद्यालय | १० हजार |
| ९ | मन्दिप पुडासैनी, गढी ५ | चुरीयामाई टेक्निकल कलेज | १५ हजार |
| १० | मिलन कुमार लामा, गढी | वशंगोपाल माध्यामिक विद्यालय | १५ हजार |
| ११ | विजेता बल, गढी ३ | हेटौडा क्याम्पस | १० हजार |

६. **प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत स्विकृत भएका योजनाहरु छनौट सम्बन्धी ।**

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस गाउँपालिकाको लागि स्विकृत भई आएका योजनाहरुका सन्दर्भमा प्राप्त २८ लाख बजेटलाई सबै वडामा समान रुपमा वितरण गरी स्विकृत योजना भित्रका योजनाहरु छनौट गरी गाउँपालिकामा आगामी कार्यपालिकाको बैठकमा पेश गर्न सबै वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. **RMTMP को प्रतिवेदनका सम्बन्धमा ।**

यस गाउँपालिकाको सडकहरुको वर्गिकरण गरि कोड निर्धारण गर्न तथा गाउँपालिकाको सडकको पञ्चवर्षीय गुरुयोजना तय गर्ने सन्दर्भमा गुरुयोजना **RMTMP** मा वर्गिकरण गरिएका यस गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुको सन्दर्भमा आवश्यक छलफल तथा परिमार्जन गरी आगामी गाउँसभाबाट अनुमोदन हुने गरी स्विकृत गर्ने निर्णय गरियो ।

८. **बजेट माग स्विकृती सम्बन्धमा**

कार्यपालिकामा पेश भएका तपसिल वमोजिमका प्रस्ताव एवं प्रस्तावित योजनाहरुका सम्बन्धमा आगामी गाउँसभाबाट अनुमोदन हुने गरी बजेट रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना/कार्यक्रम | बजेट शिर्षक | स्विकृत रकम |
|---|---|---|---|
| १ | लागू औषध सचेतना कार्यक्रम, सामुदायिक पन:स्थापना केन्द्र, हेटौंडा | | १ लाख |
| २ | शाश्वतधाम शौचालय निर्माण उपभोक्ता समिति, गढि-६ | | लागत अनुमान वमोजिम |
| ३ | रानि सामुदायिक वन उपभोक्ता समूहलाई | पि.पि.पि साझेदारी कार्यक्रम | १ लाख ५० हजार |
| ४ | कोरोना संक्रमण रोकथाम | विपद व्यवस्थापन तथा जलवायु अनुकुलन कार्यक्रमबाट ४ लाख र विपद व्यवस्थापनबाट १ लाख | ५ लाख |
| ५ | मनकामना दूध सहकारी संस्था लिमिटेड दूध व्यवस्थापन | पि.पि.पि साझेदारी कार्यक्रम | ८ लाख |
| ६ | फुँयाल डाँडा वस्ति संरक्षण, गढि ५ | विपद व्यवस्थापन | ५० हजार |
| ७ | भिमसेन सापकोटा बस्ति संरक्षण, गढी ५ | विपद व्यवस्थापन | १५ हजार |
| ८ | कृष्ण प्रसाद घिमिरे, बस्ति संरक्षण गढी ६ | विपद व्यवस्थापन | १५ हजार |
| ९ | १ नं. सामुदायिक स्वास्थ्य इकाई फर्निचर व्यवस्थापन | | ५० हजार |
| १० | पशुमैत्री पार्क तथा शीत भण्डारको विस्तृत परियोजना प्रस्ताव तयार सम्बन्धमा, | | ५ लाख |
| ११ | शहिद स्मृती खेलाडी सहभागी खर्च | | ४० हजार |

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

| | अनुमोदन, | | |
|---|---|---|---|
| १२ | सुकौरा खोला बुड्दल खोला पेटीटोल बाटो निर्माण | | ५० हजार |

**९. विद्यालय दरवन्दि मिलान र प्रधानाध्यापकसँगको कार्यसम्पादन एवं शिक्षा नीति सम्बन्धमा ।**

विद्यालय दरवन्दि मिलान, प्रधानाध्यापकसँगको कार्यसम्पादन सम्झौता एवं शिक्षा नीति निर्धारण सम्बन्धमा गाउँ शिक्षा समितिको तपसिल बमोजिमको मितिमा भएको छलफल तथा अन्तरक्रिया कार्यक्रममा उठेका विषयवस्तुलाई समेत समेटी तयार गरिएको शिक्षा नीति, प्रधानाध्यापकसँगको कार्यसम्पादन सम्झौता तथा विद्यालय दरवन्दि मिलानका सम्वन्धमा अन्तिम रुप तय गरी आगामी गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन हुने गरी स्विकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.न. | मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| १ | २०७६/११/०९ | • पुल दरवन्दि किटान गर्ने सम्वन्धमा । |
| २ | २०७६/११/१८ | • शैक्षिक गुणस्तर सुधारका लागि नीतिहरु तय गर्ने सम्वन्धी<br>• विद्यालयका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गर्ने सम्वन्धमा ।<br>• शिक्षक दरवन्दी मिलान सम्वन्धमा । |
| | २०७६/११/२६ | • दरवन्दि मिलान तथा पुनः वितरण सम्वन्धमा ।<br>• विद्यालय डिग्रडिङ सम्वन्धमा |

**९. रोजगार संयोजकको करार म्याद सम्वन्धमा ।**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.स. २०७६।७७, च.नं. ११६ मिति २०७६।११।२३ को पत्रानुसार यर गाउँपालिकामा कार्यरत रोजगार संयोजकको करार अवधि थप गर्ने निर्देशन भए वमोजिम मिति २०७६।११।२५ देखि लागु हुनेगरी समाप्त भएको रोजगार संयोजकको करार अवधि २०७६।११।२६ देखि नै लागू हुने गरी आगामी २०७७ असार मसान्तसम्मको लागि करार म्याद थप गर्ने निर्णय गरियो ।

**१०. कार्यालय सहयोगी यादव सापकोटाको सम्बन्धमा ।**

जिल्ला समन्वय समितिमा कार्यालय सहयोगीको रुपमा स्थायी नियुक्ति पाई लामो समय कार्यरत रहेका र कर्मचारी समायोजनको क्रममा मकवानपुरगढी गाउँपालिकामा समायोजन भएका कार्यालय सहयोगी श्री यादव सापकोटाको यसै मिति २०७६ चैत्र १५ देखि अवकाश हुने भएको र निजको कार्यसम्पादन

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | ३१०२८०००५ | श्री वंश गोपाल माध्यामिक विद्यालय, म.गढी गा.पा. -५, कुर्लेदमार | विद्यालयमा कम्प्युटर तथा सूचना प्रविधि प्रयोगशाला | २५ लाख |
| ६ | ३१००२०००१ | श्री जनक मा.वि., म.गढी -६, आमभञ्ज्याङ्ग | विद्यालयमा कम्प्युटर तथा सूचना प्रविधि प्रयोगशाला | २१ लाख १० हजार |

१३. **बोलपत्र गरिएका योजनाहरुको Below रकमका सम्बन्धमा ।**

यस गाउँपालिकाले विभिन्न मितिमा आव्हान गरेको विद्युतीय बोलपत्र (e-Bidding) मा कबोल गरेको अंकभन्दा below मा गएर ठेक्का कबोल गरेको ठेकेदारलाई सम्झौता पछि प्राप्त बजेटमा बाँकी रहेको तपसिलका योजनाहरुका बजेटहरु सन्दर्भमा बाँकी रहेको बजेट बाट सोही योजनाको फरक प्वाइन्टमा खर्च गर्ने गरि उपभोक्ता समिति गठन गरी उक्त योजनाहरु थप कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

तपसिल

| सि.नं. | योजनाको नाम | बजेट कन्टिन्जेन्सी बाहेक | ठेकेदारले न्युन कबोल गरेको अंक मु.अ.कर सहित | बाँकी बजेट कन्टिन्जेसी बाहेक | थप कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | सामरी मनकामना सडक | ४८४०२८३।०० | २७७५१०३।०० | २०६५१८०।०० | उपभोक्ता समिति गठन |
| २ | सुकौरा भुडेदमार सडक | ४८५०१९६।०० | २७९७८०९।०० | २०५२३८७।०० | उपभोक्ता समिति गठन |
| ३ | वासुदेव मार्ग | २९१६१९३।०० | १५५०००४।०० | १३६६१८९।०० | उपभोक्ता समिति गठन |

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | एक्लेखेत रानीसेरा सडक | ४८५१६७७१०० | ३०७४२४३।०० | १७७७४३४।०० | उपभोक्ता समिति गठन |

१४. **फोलुगें पुल छनौट सम्बन्धमा ।**

आगामी आर्थिक बर्ष २०७७/७८ का लागि तपसिल बमोजिमको स्थानमा फोलङ्गे पुल निर्माणका लागि योजना छनौट गर्ने निर्माण गरियो ।

| सि.नं. | योजना | वडा नं. |
|---|---|---|
| १ | सिमात खोला | मकवानपुरगढी वडा नं. १ |
| २ | ज्यामिरे खोला | मकवानपुरगढी वडा नं. ५ |

साथै Resource Management and Rural Empowerment Center (REMREC) -SITARA Consult Pvt. Ltd. (SITARA) JV a joint Venture outsourced by TBSU/HELVETAS Swiss Inter-cooperation को मिति २०७६ माघ २१ को यस गाउँपालिकालाई प्राप्त पत्रानुसार भोलुंगे पुल निर्माणमा कुल लागतको २ प्रतिशत उपभोक्ता समितिले, १३ प्रतिशत गाउँपालिकाले लागत सहभागिता जनाउनुपर्ने भन्ने व्यहोराको पत्र प्राप्त भएकोले उपरोक्त फोलुगें पुल निर्माणको कूल लागत अनुमानमा गाउँपालिकाले १३ प्रतिशत लागत सहभागिताको सुनिश्चितता गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

१५.**लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ स्विकृती सम्बन्धमा ।**

यस गाउँपालिकाको आर्थिक सम्वृद्धि तथा विकासका लागि स्थानीय स्तरमा उत्पादिन कच्चापदर्थिको उच्चतम प्रयोग गरि स्वरोजगारउन्मुख आर्थिक विकास एवं आत्मनिर्भर हुने अवस्थाको श्रृजना गर्न, आफ्नै गाउँमा वसी केही गर्न सकिन्छ भन्ने मान्यताको विकास गर्न, वढ्दो वैदेशिक रोजगारी दर नियन्त्रण समेत गर्न, सिपमुलक प्रविधिहरु भित्र्याई गाउँपालिकाको समृद्धिको सपना पूरा गर्नका लागि कार्यपालिकामा पेश भएको **आर्थिक सम्वृद्धिका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७६**स्विकृत गर्ने निर्णय गरियो

१६.**जिल्ला समन्वय समितिसँग खानेपानी योजना माग सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा नं. १ स्थित आँपटारका लागि आँपटार खानेपानी आयोजना तथा वडा नं.४ स्थित सयपत्री खानेपानी आयोजनाको लागि आवश्यक पर्ने लागत अनुमान तयार गरी लागत

विदुर हुनागाई
अध्यक्ष

Scanned with CamScanner

अनुमानमा उल्लेखित रकम कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट जिल्ला समन्वय समिति समक्ष माग गर्ने निर्णय गरियो ।

१७. चट्याङ प्रतिरोधी कार्यक्रमको योजना माग गर्ने सम्बन्धमा ।

यस गाउँपालिकाको सबै वडाका प्रत्येक घरमा चट्याङ प्रतिरोधि एरेस्टर राखि चट्याङ पर्दाको समयमा उक्त घरहरु सुरक्षित राखि व्यक्तिको जिउ, ज्यान सम्पतिको समेत रक्षार्थ चट्याङ प्रतिरोधि एरेस्टर राख्न आवश्यक लागत अनुमान तयार गरि उक्त लागत अनुमानमा उल्लेखित रकम कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट संघ तथा प्रदेश सरकार समक्ष माग गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

१८. विविध

विविध सम्बन्धमा कुनै प्रस्तावहरु नभएकोले आजको बैठक अपरान्ह ५ बजे समापन गर्ने निर्णय गरियो ।

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner